**निर्णय नं. १**

महालेखा परीक्षकको कार्यालयवाट पाल्पा जिल्लामा गत आ.ब.को कारोवारको लेखा परीक्षणका लागि आउनु भएका निर्देशक सहितको डोर टिम र पाल्पा जिल्लाका कार्यालय प्रमुखहरु संग अन्तरक्रिया गरियो ।

**निर्णय नं. २**

श्री गृह मन्त्रालयको प.सं. नि.क.प्र.२०७७/८० च.नं. १६५ मिति २०७९।४।२२ को कर्मचारीको परिचयपत्र वरबुझारथ र रद्द गर्ने बिषयमा जानकारी आदान प्रदान भयो ।

**निर्णय नं. ३**

राष्ट्रिय विमा संस्थानको प.सं.२०७९/८० च.नं. ३१ मिति २०७८।४।१ को पत्रको सम्बन्धमा पनि सबैलाई जानकारी भयो ।

**निर्णय नं. ४**

अघिल्लो कार्यालय प्रमुख बैठकमा विगतमा सम्पत्ति विवरण नबुझाएका कर्मचारीलाई जरिवाना दाखिला र सम्पत्ति विवरण बुझाई फछ्यौट गर्न लगाउने जानकारी गरिएकोमा सो बिषयमा समीक्षा गरियो ।

**निर्णय नं. ५**

आजको बैठकमा कृषिज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ईकाई, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सुन्तलाजात फलफूल विकास केन्द्र र कृषि सामग्री संस्थानका कार्यालय प्रमुखहरुले आ-आफ्ना कार्यालयका प्रगति विवरण र उपलब्धीका प्रस्तुतीहरु गर्नु भयो ।

**निर्णय नं. ६**

प्रमुख जिल्ला अधिकारीवाट कार्यालय प्रमुखहरुको अघिल्लो बैठकमा आ.ब.०७८/०७९ को जिल्ला बर्ष उत्कृष्ट कर्मचारी, जिल्ला बर्ष उत्कृष्ट कार्यालय र जिल्ला प्रशासन कार्यालयको बर्ष उत्कृष्ट कर्मचारी छनौट गरी प्रसंशा-पत्र प्रदान गर्नु भएकोमा यस असल अभ्यासलाई निरन्तरता दिदै सडक पूर्वाधार विकास कार्यालयलाई २०७९ साल श्रावण महिनाको जिल्ला उत्कृष्ट कार्यालय र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका कार्यालय प्रमुख भेटेरिनरी डा. चन्द्र बहादुर रानालाई २०७९ साल श्रावण महिनाको जिल्ला उत्कृष्ट कार्यालय प्रमुख कर्मचारी छनौट गरी प्रसंशा-पत्र प्रदान गर्नु भयो ।

जगन्नाथ पन्त
प्रमुख जिल्ला अधिकारी







